नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २६६

मितिः २०८२/१०/२३

नेपाल संवत् ११४६

विषयः मतदाता शिक्षा विशेष कार्यक्रम सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

निर्वाचन आयोग, नेपालको प.सं. नि.शि.तथा ता./२०८२/०८३, च.नं. ५२ र ५३, मिति २०८२/१०/२३ को मतदाता शिक्षा विशेष कार्यक्रम सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१०/२३

(दीपेश्वर कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः-</u>

श्री निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

प.सं. च.नं./ Ref: नि.शि.तथा ता./२०८२/८३/५९

मितिः२०८२।१०।२३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार।

**विषयः सबै स्थानीय तहमा परिपत्र गरिदिनु हुन ।**

प्रस्तुत विषयमा मतदाता शिक्षा विशेष कार्यक्रमका सम्वन्धमा निर्वाचन आयोगको वैठक संख्या १३४ मिति २०८२/१०/२३ मा भएको निर्णयानुसार यसैसाथ संलग्न पत्र सबै स्थानीय तहमा परिपत्र गरिदिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध गरिन्छ।

(तुलसीराम भगत)

शाखा अधिकृत

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

नि.शि.तथा ता./२०८२/८३/५४३

मितिः२०८२।१०।२३

निर्वाचन आयोग नेपाल २०२३

श्री स्थानीय तह
सबै (७५३)।

विषयः मतदाता शिक्षा विशेष कार्यक्रम सम्वन्धमा ।

संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय वातावरणमा सम्पन्न गर्ने विविध क्रियाकलापहरू मध्ये मतदाता शिक्षा विशेष कार्यक्रम समेत निर्वाचन आयोगबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यस कार्यक्रमको मुख्य उद्देश्य आम मतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरी जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गर्नु हो।

स्थानीय तहको समन्वयमा सम्वन्धित प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयबाट सम्वन्धित स्थानीय तहको वडाका लागि मतदाता शिक्षा स्वयंसेवक (Voter Education Volunteer) नियुक्त गरी देशभरका नगरपालिका तथा गाउँपालिकाका जम्मा ६,७४३ वडामा फागुन ३ गतेदेखि १७ गतेसम्म घरदैलो तथा विद्यालयस्तर मतदाता शिक्षा कार्यक्रममा परिचालन गरिँदै छ। मतदाता शिक्षा विशेष कार्यक्रमलाई ब्यवस्थित र प्रभावकारी बनाउन स्थानीय तहको निर्वाचन सम्पर्क ब्यक्तिलाई अनुगमनकर्ता तोकिएको छ।

उपर्युक्त कार्यक्रमलाई स्थानीय तहको समन्वय र सहकार्यमा मतदाताले मतदान प्रक्रिया, मतपत्रको प्रयोग, गोप्य मतदानको महत्व, निर्वाचन आचारसंहिता तथा गलत एवम् भ्रामक सूचनाबाट बच्ने उपाय लगायतका विषयमा निर्वाचन सम्पर्क ब्यक्तिका लागि एक दिवसीय मुख्य प्रशिक्षण कार्यक्रम सम्बन्धित जिल्लाको जिल्ला सदरमुकाममा र मतदाता शिक्षा स्वयंसेवक (Voter Education Volunteer) हरूका लागि एक दिवसीय तालिम सम्वन्धित स्थानीय तहको केन्द्रमा नै सञ्चालन गर्ने गरी कार्यक्रम तय भएको छ। जिल्ला सदरमुकाममा हुने निर्वाचन सम्पर्क ब्यक्तिको एक दिवसीय तालिममा सहभागी हुँदा नियमानुसारको दैनिक भ्रमण भत्ता र यातायात खर्च तथा स्थानीय तहको केन्द्रमा मिति २०८२ साल फागुन १ गतेभित्र सञ्चालन हुने मतदाता शिक्षा स्वयंसेवक (Voter Education Volunteer) हरूको एक दिवसीय तालिमको खाजा खर्च तथा श्रोत ब्यक्ति पारिश्रमिक सम्वन्धित स्थानीय तहबाट नियमानुसार ब्यहोर्ने व्यवस्था हुन निर्वाचन आयोगको वैठक संख्या १३४ मिति २०८२/१०/२३ गतेको निर्णयानुसार जानकारी एवम् आवश्यक कार्यार्थ अनुरोध छ।

(तुलसीराम भगत)
शाखा अधिकृत

**बोधार्थः**

श्री प्रदेश निर्वाचन कार्यालय, सबै (७) ।
श्री जिल्ला निर्वाचन कार्यालय, सबै (७०) ।

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580